**निर्णयः-**

१. प्रत्यायोजित व्यवस्थापन, सरकारी आश्वासन र राष्ट्रिय महत्वका दस्तावेजको अभिलेख व्यवस्थापन सम्बन्धमा समितिले गर्नुपर्ने कार्यहरुको अवधारणापत्र र वार्षिक कार्ययोजना तयार गरी समिति समक्ष १ महिनाभित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको अवधारणापत्र र कार्ययोजना निर्माण उपसमिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मा.श्री रामनारायण विडारी | संयोजक |
| मा.श्री बलराम प्रसाद बाँस्कोटा | सदस्य |
| मा.श्री राधेश्याम अधिकारी | सदस्य |
| मा.श्री विना पोखरेल | सदस्य |
| मा.श्री शान्ति कुमारी अधिकारी जि.सि. | सदस्य |
| मा.श्री सुमन राज प्याकुरेल | सदस्य |

२. पुस्तकालयमा रहने महत्वपूर्ण अभिलेख तथा दस्तावेजहरु सुरक्षित रुपमा राख्न पुस्तकालयभित्र उचित तापक्रम (temperature) र आद्रता (humidity) कायम हुनुपर्छ । संघीय संसदको पुस्तकालयलाई हालको भुईंतला (ground floor) भन्दा मुनिको तला (Underground) मा विस्तार गर्न लागेको जानकारी प्राप्त हुन आएको छ । Underground मा उचित तापक्रम तथा आद्रता कायम हुन नसकी पुस्कालयमा रहेका महत्वपूर्ण अभिलेख तथा दस्तावेजहरु नष्ट हुन सक्ने भएकाले त्यस्ता अभिलेख र दस्तावेजहरु Underground मा नराख्न संघीय संसद सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. आउँदै गरेको विजयादशमी, तिहार एवम् छठ पर्वका अवसरमा शुभकामना आदान प्रदान गरियो ।

४. अर्को बैठक समितिबाट अर्को सूचना जारी नहुन्जेलसम्मका लागि स्थगित गरियो ।

श्री झलक शर्मा सापकोटा
समिति सचिव

मा. श्री रामनारायण विडारी
समिति सभापति